नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०७३ (November 2016) वर्ष २०/अङ्क २३६

## इसाई मण्डली किन ?

- पाष्टर राजेन्द्र रोंगोंग

नेपाली इसाई मण्डली स्थापना भएको ६ दशक पूरा हुन लाग्यो । यसको स्थापना, यसो हेर्दा मानिसहरूबाट भएको देखिन्छ, तर मण्डलीको वास्तविक स्थापक प्रभु येशू हुनुहुन्छ ।

एकपल्ट येशूले आफ्ना चेलाहरूलाई सोध्नुभयो, "मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्छन् ?" चेलाहरूले विभिन्न प्रकारका उत्तर दिए र त्यसपछि उहाँले चेलाहरूलाई सोध्नुभयो, "तिमीहरू के भन्छौ, म को हुँ ? पत्रुसले उत्तर दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र ।" येशूले स्याबासी दिनुभयो र भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ । किनभने मानिसहरूबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो ।" परमप्रभु परमेश्वरले येशूको परिचय दिनुभएको थियो । त्यसपछि येशूले अर्को अति महत्त्वपूर्ण कुरा भन्नुभयो, "म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि बिजयी हुनेछैनन् ।" (मत्ती १६:१३-१८) ।

झट्ट हेर्दा येशूले मण्डली "यस चट्टान" माथि बनाउँछु भन्नुभएको छ र त्यो चट्टान पत्रुस हो किनकि पत्रुसको अर्थ चट्टान हो । तर येशूले संसारमा मानिसहरूको लागि नयाँ करार ल्याउनुभयो । आफूलाई परमप्रभु परमेश्वरको इच्छाअनुसार मानिसहरूको पाप क्षमाको निमित्त बली चढाउनुभयो । उहाँले आफ्नो रगतद्वारा त्यो करारलाई पक्का गर्नुभयो ।

नयाँ करार पछि येशूले पहिले आफ्ना चेला र उहाँमाथि विश्वास गर्नेहरूको लागि दिनुभएका शिक्षा (वचन) को अर्थ पवित्र आत्माले प्रकाश गर्दै लैजानुभयो । यो क्रम अहिलेसम्म चलिरहेको छ अर्थात् उहाँले पहिल छोडिजानुभएका वचनको नयाँ प्रकाश आइरहेको छ । यसै क्रममा मण्डलीसम्बन्धी पावल उहाँका चेलाले यसरी व्याख्या गरेका छन् । "किनकि जुन जग बसालिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यस बाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन" (१ कोरन्थी ३:११) ।

जब पत्रुसले "तपाईंले ... जीवित परमेश्वरका पुत्र" भन्ने स्वीकार गरे त्यही स्वीकारलाई चट्टान भनी स्वीकार गर्दै येशूले यस चट्टानमाथि मण्डली स्थापना गर्छु भन्नुभयो । यसैले मण्डलीको जग येशू हुनुहुन्छ र जब पछि मण्डली स्थापना भयो त्यसको शिर पनि उहाँ नै हुनुभयो ।

सबैभन्दा पहिलो मण्डली यरूशलेममा स्थापना भयो । मण्डलीको स्थापनाभन्दा पहिले चेलाहरूमाथि पवित्र आत्मा आउनुभयो । अझ यसलाई क्रमिक रूपमा हेर्ने हो भने प्रभु येशूले आफ्नो करीब साढे तीन वर्षको सेवकाइ समाप्त गर्नुभयो, उहाँलाई क्रूसमा चढाइयो तर तेश्रो दिनमा उहाँ शैतानलाई सदाको निमित्त हराउँदै पुनरुत्थान हुनुभयो र स्वर्गारोहण हुनुभयो । पुनरुत्थानको ठीक पचास दिनपछि पवित्र आत्मा चेलाहरूमा (१२० जना) आउनु भयो । यसरी पहिलो मण्डली शुरू भयो । मण्डली प्रभु येशूमाथि विश्वास गर्ने मानिसहरूको जमात थियो । पहिलो इसाई मण्डलीसम्बन्धी हेर्नुहोस् (प्रेरित २:४२-४७) ।

मण्डली प्रभु येशूले पवित्र आत्माद्वारा स्थापना गर्नुभयो । मण्डली किन स्थापना गरियो अथवा मण्डली केका लागि स्थापना गर्नुभयो भन्ने तथ्य बुझ्नलाई प्रभु येशू किन संसारमा मानिसको रूपमा आउनुभयो भनी बुझ्नु आवश्यक छ । मत्ती प्रभुका चेलाले बप्तिस्मा दिने यूहन्नालाई उद्धृत गरेका छन्, "पश्चात्ताप गर किनभने स्वर्गको राज्य नजीक आएको छ ।" प्रभु येशूले आफ्नो सेवकाइ शुरू गर्नुभयो । एकदिन चेलाहरूले हामीलाई प्रार्थना गर्न सिकाउनुहोस् भनी बिन्ती गरे । उत्तरमा उहाँले यसरी प्रार्थना (Lord's Prayer) सिकाउनुभयो । उक्त प्रार्थनाका दुईवटा पदहरू यस प्रकारका छन् :

"हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ
तपाईंको नाउँ पवित्र होस् ।
तपाईंको राज्य आओस् ।
तपाईंको इच्छा स्वर्गमा जस्तो छ
त्यस्तै यस पृथ्वीमा होस् . . ."

माथि उल्लेखित बाइबलका दुई खण्डले येशू ख्रीष्ट संसारमा आउनुभएको प्रमुख उद्देश्य परमेश्वरको राज्य यस पृथ्वीमा ल्याउनु हो ।

परमेश्वरको राज्य हाल मानिसको हृदयभित्र छ (लूका १७:२१) । जतिले प्रभु येशूलाई मुक्तिदाता र प्रभु भनी विश्वास गर्छन् उनीहरू परमेश्वरका हुन्छन् र उनीहरूभित्र पवित्र आत्मा बास गर्नुहुन्छ । तर एकदिन, अर्थात् संसारका अन्त्यका दिन भौतिकरूपमा नै परमेश्वरको राज्य स्थापित हुनेछ (प्रकाश २०:४-६) ।

परमेश्वरको राज्यमा परमप्रभु परमेश्वर स्वयं उपस्थित हुनुहुन्छ । त्यहाँ संसारमा जस्तो मृत्यु, शोक र अन्य सांसारिक कुरा हुँदैनन् परमेश्वरले सबै मानिसलाई त्यस स्थानमा लैजान चाहनुहुन्छ । मानिसहरूको पापको कारण यो सम्भव थिएन तर प्रभु येशूको बलिदान, पुनरुत्थानद्वारा यो सम्भव भएको छ । यो काम गर्न उहाँ परमेश्वर हुनुभएर पनि मानिसको रूप धारण गरी आउनुभयो । उहाँ एक्लै आउनुभयो । आफ्नो साढे तीन वर्षको सेवकाइ अवधिमा चेलाहरू छान्नुभयो र आफूसित सँग सँगै राखी परमेश्वरको राज्यबारे प्रवचन, व्यावहारिक शिक्षा, आश्चर्य काम र सबैभन्दा ठूलो आफ्नो जीवनको नमूनाबाट सिकाउनुभयो । प्रेम, क्षमा, शान्ति, भलाइ, नम्रता, सत्यता अर्थात परमेश्वरको राज्यमा हुनुपर्ने कुराहरूबारे सिकाउनुभयो ।

आफ्नो सेवकाइको अन्त्यतिर क्रूसमा चढाइनुभयो तर यो परमप्रभु परमेश्वरको योजना अनुरूप नै थियो । मृत्युको तेश्रो दिनमा उहाँ विजयीको रूपमा पुनरुत्थान हुनुभयो । त्यसपछि उहाँ स्वर्गारोहण

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २७** November 12 | एल्डर सिमोन पाठक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर गोपाल शर्मा | एल्डर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | पाष्टर बि.बि. खवास |
| **मंसीर ४** November 19 | पाष्टर अशोक मुखिया | एल्डर मान बहादुर मगर | श्री सिद्धि खालिङ | एल्डर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन बाबु राम के.सी. | एल्डर सीता गुरूङ्ग |
| **मंसीर ११** November 26 | एल्डर अर्जुन ढकाल | एल्डर पूर्ण सुनुवार | एल्डर सामुएल क्षेत्री | पाष्टर बि.बि. खवास | श्री सुक राम तामाङ्ग | श्री ध्रुब घिमिरे | एल्डर सिमोन खालिङ |
| **मंसीर १८** December 3 | पाष्टर सामुएल कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर दफ्तन सादा |

हुनुभयो तर माथि जानुअघि चेलाहरूलाई "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर . . ." भन्नुभयो (प्रेरित १:४) । पेन्तिकोसको दिन चेलाहरूले पर्खिरहेकै ठाउँमा पवित्र आत्मा शक्तिका साथ आउनुभयो र त्यहाँ भएका १२० जना विश्वासीहरूलाई अभिषेक गर्नुभयो (प्रेरित २:१-४) । पवित्र आत्मा आउनुभएपछि उनीहरूले शक्ति पाए साथै प्रभु येशूले अघि सिकाउनुभएका कुराहरू बुझ्न थाले । यी नै विश्वासीहरूको जमात पहिलो इसाई मण्डली भयो । प्रभु येशू यसै मण्डलीलाई स्वर्ग राज्य संसारमा ल्याउने जिम्मा दिनुभयो । स्वर्गारोहणको दिनमा स्वर्ग प्रस्थान गर्न अघि उहाँले आफ्नो एघार जना चेला र अन्य विश्वासीहरूलाई आफ्नो महान जिम्मेवारीले (The Greast Commission) दिनुभयो (मत्ती २८:१६-२०) । यो जिम्मेवारीको उद्देश्य नै "स्वर्ग राज्य यस पृथ्वीमा ल्याउनु" हो । यो सामूहिक जिम्मेवारी हो । व्यक्ति व्यक्ति मिलेर गर्नुपर्ने जिम्मेवारी हो । यो काम गर्न उहाँ वचन, व्यावहारिक जीवन, आश्चर्यको कामहरू नम्रतापूर्वक गर्न मण्डलीका प्रत्येक सदस्यको जिम्मेवारी हो ।

इसाई मण्डली प्रभु येशूले स्थापना गर्नुभयो र यसले उहाँको शारीरिक अनुपस्थितिमा पवित्र आत्माको अगुवाईमा उहाँको प्रतिनिधित्व गर्नु पर्दछ ।

## हार्दिक बधाई



आश्विन १० गते/सेप्टेम्बर २६ तारिख सोमबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **रोशनी तामाङ्ग** र प्रसुन प्रेरितीय चर्चको सदस्य श्री **प्रकाश तामाङ्ग**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रकाश/रोशनी तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन ३० गते/अक्टोबर १६ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्यहरू श्री **लोप्साङ तामाङ्ग** र सुश्री **सुनिता तामाङ्ग**को नेइम ललितपर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **लोप्साङ /सुनिता तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन १६ गते/अक्टोबर २ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **अयुब तुलाधर** र सुश्री **जिना मुखिया**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अयुब/जिना तुलाधर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## नोभेम्बर महिनाको कार्यक्रम

कार्तिक २८ गते/नोभेम्बर १३ तारिख आइतबार बिहान १०-२:०० बजेसम्म **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको भेला** नेइम गोंगबूँ चर्चमा ।

मंसीर १ गते/नोभेम्बर १६ तारिख बुधबार **महिला उपवास प्रार्थना** आ- आफ्नै चर्चमा ।

मंसीर ११ गते/नोभेम्बर २६ तारिख बुधबार दिउँसो २:०० बजे **नेइम बाल संगतिका १५ वर्षका बाल बालिबाहरूको दीक्षान्त समारोह** ज्ञानेश्वर चर्चमा ।

मंसीर १९ गते/डिसेम्बर ४ तारिख आइतबार बिहान १० बजे **नेइम कार्यकारिणीको बैठका** नेइम गोंगबूँ चर्चमा ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **कार्तिक २७** November 12 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर गोपी राई | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | एल्डर बी.एन. पण्डित | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर जोर वीर राई |
| **मंसीर ४** November 19 | पाष्टर प्रेम श्रेष्ठ | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | डीकन होम तामाङ्ग |
| **मंसीर ११** November 26 | पाष्टर सामुएल कार्थक | एल्डर सागर थापा | श्री राज गुरूङ्ग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | श्री जय सिंह | एल्डर राजु श्रेष्ठ | डीकनेस् फिविना राई |
| **मंसीर १८** December 3 | एल्डर गोपी राई | पाष्टर प्रेम श्रेष्ठ | डीकन पेशल राई | डीकन पासाङ्ग लामा | डीकन लाक्पा लामा | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रशान्त सिंह | संयुक्त सेवा गोंगबूँ चर्च |

## प्रार्थनाको अनुरोध

आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक मंसीर २-३ गते, २०७३/नोभेम्बर १७-१८ तारिख बिहीबार र शुक्रबार, २०१६ भारतको कालेम्पोङमा हुने महिला एग्लो सम्मेलनमा वचनको सेवकाइ गर्दै हुनुहुन्छ। उहाँको लागि प्रार्थना गरिदिऔं।

## जानकारी



चाबहिल बस्नुहुने ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती नानी माया राई ६३ वर्षको उमेरमा आश्विन १६ गते/अक्टोबर २ तारिख आइतबार प्रभुमा सुत्नुभयो।



सरस्वती नगर बस्नुहुने ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती जुजु माया राज भण्डारी ६९ वर्षको उमेरमा आश्विन २८ गते/अक्टोबर १४ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो।



ताहाचल बस्नुहुने, नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती लक्ष्मी शाही ६८ वर्षको उमेरमा आश्विन ३० गते/अक्टोबर १६ तारिख आइतबार प्रभुमा सुत्नुभयो।



सुन्दरीजल बस्नुहुने, नेइम सुन्दरीजल चर्चकी सदस्य श्रीमती कान्छी सुनार ८८ वर्षको उमेरमा कार्तिक ३ गते/अक्टोबर १९ तारिख बुधबार प्रभुमा सुत्नुभयो।

## प्रार्थनाका विषयहरु

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलाप मागिदिऔं।

२. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं।

३. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून्।

४. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं।

५. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस्।

६. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाईमा बोझसाथ लागिपर्न सकून् भनी प्रार्थना गरौं।

७. मण्डलीका सबै विश्वासीहरू परमेश्वरको प्रेम र ख्रीष्ट येशूमा पाइने सित्तैको मुक्तिको सुसन्देश सुनाउने काममा सधैं लागिपर्न सकौं।

८. सेवा संगति, प्रार्थना वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन्।

९. संसारभरिका मण्डली, ख्रीष्टियन संघ संस्था, सेवक/सेविका साथै मिशनेरीहरूको सबैको लागि प्रार्थना गरिदिऔं।

१०. नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 6<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यर्मिया २३:१८,२१-२२, २८ | २८ 13<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ५ 20<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ तिमोथी २:३-६ | १२ 27<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ |
| **सोमबार**<br>Monday | २२ 7<br>हामी सबैले परमेश्वरको प्रेमप्रति धन्यवादी भई परमेश्वरको भण्डारमा दशांश साथै अन्य भेटीहरू परमेश्वरको कामको लागि खुशीसाथ दिन सकौं ।<br>२ कोरिन्थी ९:६-१३ | २९ 14<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>गन्ती ६:२४-२६ | ६ 21<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढ्दै बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १३ 28<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान साथै एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकौं ।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २३ 8<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>यूहन्ना १४:१२-१३ | ३० 15<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ७ 22<br>नेइमअन्तर्गतका मण्डली तथा छोरी मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू र संगतिहरूको लागि आवश्यक जग्गा र भवनको लागि प्रार्थना गरिदिऔं ।<br>हाग्गै २:१-९ | १४ 29<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ |
| **बुधबार**<br>Wednesday | २४ 9<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>प्रेरित २:४२-४७ | १ मंसीर 16<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ८ 23<br>येशू प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा, सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी १:२६-२९ | १५ 30<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २५ 10<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उहाँहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | २ 17<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | ९ 24<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १६ December 1<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरू होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून्।<br>कलस्सी ३:१-४ |
| **शुक्रबार**<br>Friday | २६ 11<br>हामी विश्वासीहरू वचनमा आधारित जीवन जिउनेहरू हुन सकौं ।<br>लूका ६:४६-४९ | ३ 18<br>आराधना सेवामा वचनको सेवकाइ गर्नुहुने साथै सो दिन विभिन्न क्षेत्रमा सेवकाइ गर्नुहुने सम्पूर्ण सेवक सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | १० 25<br>शनिबार मण्डलीमा आउनुहुने साथै आइराख्नुभएकाहरू जो जतिले विश्वास गर्नुभएको छैन सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२ | १७ 2<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ।<br>उपदेशक ५:१-६ |
| **शनिबार**<br>Saturday | २७ 12<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ४ 19<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बलिँदै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ११ 26<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरू साथै बाल संगतिमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १५:५८ | १८ 3<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ |

**साँच्चै म तिमीहरूलाई भन्दछु, यी सबै कुरा भई नसकुञ्जेल यो पुस्ता बितिजानेछैन । स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बित्नेछैनन् । तर त्यस दिन र त्यस घडीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, नता स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले । होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो तिमीहरू जान्दैनौ ।**

**(मर्कूस १३:३०-३३)**